बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय, हेटौडा

# प्राविधिक उच्च शिक्षा अध्ययन छात्रवृत्तिमा छनोट हुनको लागि दरखास्त पेश गर्ने बारेको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८३।०२।२७**

शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३ बमोजिम बागमती प्रदेशभित्र बसोबास गर्ने सीमान्तकृत विपन्न परिवारका विद्यार्थीहरुलाइ बागमती प्रदेश सरकारबाट प्रदान गरिने तपसिलमा उल्लिखित शैक्षिक छात्रवृत्ति कार्यक्रमहरुमा आ.व. २०८२।०८३ का लागि विद्यार्थी छनोट गर्नुपर्ने भएकोले शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३ को दफा ४ बमोजिमका शर्तहरु पुरा गरेका सम्बन्धित शैक्षिक कार्यक्रमसम्बद्ध आधिकारिक निकायहरुबाट लिइएको प्रवेश परीक्षामा उत्तीर्ण एवम् छनोट भइ हाल प्रथम बर्ष/प्रथम सेमेष्टरमा अध्ययनरत इच्छुक विद्यार्थीहरुले तपसिल बमोजिमका कागजात सहित १५(पन्ध्र) दिनभित्र (मिति २०८३।०३।१० गते, कार्यालय समय भित्र) यस निर्देशनालयमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिलः

**क. शैक्षिक छात्रवृत्ति कार्यक्रमको विवरण**

| क्र.स. | छात्रवृत्ति कार्यक्रम | कोटा |
|---|---|---|
| १ | मेडिकल डाक्टर (MBBS) अध्ययन छात्रवृत्ति | २ (दुई) |
| २ | आयुर्वेद डाक्टर (BAMS) अध्ययन छात्रवृत्ति | २ (दुई) |
| ३ | भेटेनरी डाक्टर (BCSc) अध्ययन छात्रवृत्ति | २ (दुई) |
| ४ | कृषि (BSc. Ag) अध्ययन छात्रवृत्ति | २ (दुई) |
| ५ | सिभिल इन्जिनियरिङ (B.E) अध्ययन छात्रवृत्ति | २ (दुई) |
| ६ | सूचना प्रविधि इन्जिनियरिङ (BE IT) अध्ययन छात्रवृत्ति | २ (दुई) |
| ७ | स्टाफ नर्स तीन बर्षे अध्ययन छात्रवृत्ति | १० (दश) |

**ख. दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरू:**

(क) शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३ को अनुसूची २ को ढाँचामा निवेदन फाराम ।

(ख) सम्बन्धित निकायबाट शैक्षिक छात्रवृत्ति निर्देशिकाको अनुसूची १ को ढाँचामा सीमान्तीकृत समुदाय वा विपन्न परिवारको भएको सिफारिस ।

(ग) बागमती प्रदेशको स्थायी बासिन्दा भएको निस्सा,

(घ) सबै तहको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रमाणित प्रतिलिपिहरु,

(ङ) आफूले अध्ययन गरी उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(च) MBBS र BAMS को हकमा चिकित्सा शिक्षा आयोगबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाणित योग्यताक्रमको सूची र भर्ना भएको भए सो को निस्सा,

(छ) स्टाफ नर्स अध्ययन छात्रवृत्तिको हकमा CTEVT अन्तर्गतको आङ्गिक, साझेदारी वा निजी सम्बन्धन प्राप्त शिक्षालयमा भर्ना भई कक्षा दशमा प्राप्त गरेको GPA र विज्ञान, गणित र अङ्ग्रेजी विषयको स्तरीकृत अङ्क (Grade point) र भर्ना भएको निस्सा,

(ज) BVSC भेटनरी डाक्टर, कृषि (B.Sc.Ag.), इन्जिनियरिङ विषयको पढाई हुने कलेज वा विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाणित योग्यताक्रमको सूची र भर्ना भएको भए सो को निस्सा,

(झ) भर्ना भएको वा हुने शिक्षालय/क्याम्पसको सिफारिस पत्र।

पुनश्च : माथि उल्लिखित कागजातहरुको एउटै PDF फाइल बनाइ यस निर्देशनालयको इमेल: edd.bagamati@gmail.com मार्फत वा भौतिक उपस्थितिमा समेत पेश गर्न सकिनेछ । शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३ यस निर्देशनालयको वेबसाइटमा हेर्न सकिने छ । थप जानकारीका मोवाइल नं ९७६१७१८४४५ मा सम्पर्क गर्न सकिने छ ।

गोपाल प्रसाद कँडेल
का.मु. महानिर्देशक